नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Bangkok, Thailand

# प्रेस विज्ञप्ति

अनलाइन स्क्यामिङ्ग कार्यमा लगाइएका नेपाली नागरिकहरुलाई नेपाली राजदूतावासले थाइल्याण्ड सरकारको सहयोगमा म्यानमारको मेवाडीबाट उद्धार गरी टाक इमिग्रेसन अफिस मेसोट हुदै थाइल्याण्ड ल्याई १ जना महिला र ११ जना पुरुषहरुलाई आज मिति २०८२ बैशाख २४ गतेका दिन नेपाल फर्काइएको छ।

नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र बैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो, धेरै पैसा कमाउने हेतु कम्बोडिया लाओस, म्यानमार र थाइल्याण्डलगायत बैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावास सम्बन्धित सबैमा पुनः अनुरोध गर्दछ । साथै, आमसंचार माध्यम तथा नागरिक समाजलाई समेत यो सन्देश प्रवाह गरी सहयोग गरिदिन नेपाली राजदूतावास बैंकक हार्दिक अनुरोध गर्दछ।

नेपाली राजदूतावास, बैंकक
२४ बैशाख २०८२

नेपाली राजदूतावास
बैंकक

4/1 Soi 27, Pridi Banomyong. Sukhumvit 71 Road, Klong Ton, Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np, nepsecbkk@gmail.com,Website: th.nepalembassy.gov.np